# नेपाल राष्ट्र बैंक

## अनुसन्धान विभाग

# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०७२/७३ को दुई महिनाको तथ्याङ्कमा आधारित)*

## आर्थिक परिदृश्य

१. आर्थिक वर्ष २०७२/७३ मा भूकम्प पछिको पूनर्निर्माण तिव्र गतिमा अघि बढ्ने, सरकारको पूँजीगत खर्चमा उच्च वृद्धि हुने र उद्योग तथा सेवा क्षेत्रमा उत्साहजनक सुधार हुने अनुमानका आधारमा आर्थिक वृद्धिदर ६ प्रतिशत पुग्ने अनुमान गरिएको थियो । तर चालु वर्षको दोस्रो महिनासम्म अपेक्षा गरे अनुसार नत भूकम्प पछिको पुनर्निर्माणले तिव्र गति लिन सक्यो न सरकारको पूँजीगत खर्चमा उच्च वृद्धि भयो । एकातर्फ मनसुन ढिला शुरु भएकोले धान बाली प्रभावित भएको छ भने अर्कोतर्फ तराई भू-भागमा रहेको लगातार बन्द हड्ताल र भन्सार नाकाहरुमा अवरोध हुँदा इन्धन लगायत समग्र आपूर्ति प्रणाली असहज भई उद्योग व्यवसायहरु प्रभावित भएका छन् । इन्धन आपूर्तिमा भएको असहजता लगायतका कारणले सरकारको विकास निर्माण कार्य ठप्प प्रायः छ । सेवा क्षेत्र अन्तर्गत पर्यटन, होटल, यातायात र शैक्षिक गतिविधि पनि प्रभावित भएका छन ।

२. जल तथा मौसम विज्ञान विभागले नेपालका विभिन्न २१ स्थानहरुबाट संकलित मनसुन विवरण अनुसार, २०७२ जेठ २७ देखि भदौ मसान्तसम्ममा* विगत ३० वर्षको औसत वर्षाको तुलनामा ८१.९ प्रतिशत मात्र वर्षा भएको छ । साथै, समीक्षा अवधिमा तराई भू-भागमा जारी बन्द हड्तालको कारण रासायनिक मल, किटनाशक औषधि लगायतका कृषि सामाग्रीको आपूर्ति र कृषि उपजको बजार पहुँचमा कठिनाई देखिएकोले कृषि क्षेत्रको उत्पादनमा नकारात्मक असर परेको छ ।

३. भूकम्प पश्चात् बन्द अवस्थामा रहेका ठूला जलविद्युत आयोजनाहरुको निर्माण कार्य चालू आर्थिक वर्षको दोस्रो महिनासम्म पनि सुचारु हुन सकेको छैन । सडक एवम् सिँचाई लगायतका पूर्वाधार निर्माण कार्यहरु पनि इन्धन आपूर्तिमा भएको असहजताले प्रभावित भएका छन् । इन्धन एवम् आवश्यक कच्चा पदार्थ आपूर्तिको अभावमा औद्योगिक क्षेत्रमा नकारात्मक असर परेको छ ।

४. भूकम्प पश्चात् शिथिल अवस्थामा रहेको पर्यटन क्षेत्र तराई क्षेत्रमा रहेको लगातार बन्द हड्ताल र व्यापारिक मार्गहरुमा भएको अवरोधले थप प्रभावित भएको छ । समीक्षा अवधिमा पर्यटकस्तरीय होटलहरुको अकुपेन्सी दर करीव ३० प्रतिशत रहेको छ ।

५. अध्यादेशमार्फत् गठित पुनर्निर्माण प्राधिकरण पछिल्लो समय आवश्यक कानूनी व्यवस्थाको अभावमा कार्यान्वयनमा आउन नसकेकोले सरकार मार्फत् हुने पुनर्निर्माण कार्यको शुरुवात हुन सकेको छैन । यसैगरी, सरकारबाट भूकम्प पीडितहरुको आवासीय घर पुनर्निर्माणका लागी उपलव्ध गराइने प्रति घरपरिवार रु. २ लाख अनुदान समीक्षा अवधिसम्ममा वितरण हुन सकेको छैन । साथै, ऐतिहासिक सम्पदाहरु एवम् नीजि घर/भवनहरुको पुनर्निर्माण कार्य यस अवधीसम्ममा शुरुवात भएको छैन ।

---

* *नेपालमा सामान्यतः हरेक वर्षको जेठ २७ देखि असोज ६ सम्म मनसुन सक्रिय हुने गर्दछ ।*

६. नेपालको चीनतर्फका प्रमुख दुई नाकाहरुमध्ये रसुवागढी नाकामा पहिरो हटाई यातायातका साधनहरु चल्न योग्य बनाइएको भएतापनि कोदारी नाकातर्फ भने अरनिको लोकमार्गको बाह्रबिसे-तातोपानी खण्डमा पहिरो हटाउन बाँकी रहेकोले उक्त नाका अझै सुचारु हुन सकेको छैन। रसुवागढी नाका जाने सडकको ७ कि.मी. राम्चे खण्डमा बाह्रै महिना पहिरोको खतरा रहेको तथा वेत्रावती -मैलुङ्ग- स्याफ्रुवेसीको ट्र्याक खोल्ने कार्य अझै सम्पन्न हुन नसकेकोले सो नाका कुनै पनि वेला अवरुद्ध हुन सक्ने स्थिति हाल छ।

७. चतरा स्थित कोशी नदीमा नवनिर्मित पक्की पुल २०७२ साउन १८ देखि आवागमन खुला गरिएको छ। यो पुल भएर मुख्य राजमार्गमा जोडिने सडक खण्डका केही स्थानहरुमा कच्ची बाटोलाई सुधार गरी ठूला सवारी साधनको लागि उपयुक्त बनाउने कार्य बाँकी रहेको छ।

८. उपरोक्त अनुसारको परिस्थिति र घटनाक्रमलाई हेर्दा आर्थिक वृद्धिको परिदृश्यमा प्रतिकूल प्रभाव पर्न सक्ने देखिएको छ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति




९. आर्थिक वर्ष २०७२/७३ को भदौ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ७.६ प्रतिशत रहेको थियो। अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा मुद्रास्फीतिदर कम रहनुमा आपूर्ति पक्षभन्दा माग पक्ष तुलानात्मक रुपले बढी जिम्मेवार रहेको छ। समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क वृद्धिदर ७.९ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क वृद्धिदर ६.५ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्क क्रमशः १०.८ प्रतिशत र ४.८ प्रतिशतले वृद्धि भएको थियो।

१०. खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये दलहन तथा गेडागुडी उप-समूहको मूल्य सूचकाङ्कको वृद्धिदर सबैभन्दा बढी अर्थात २९ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा १०.३ प्रतिशतले वृद्धि भएको थियो। अघिल्लो वर्षको सोही अवधिमा क्रमशः ९.८ प्रतिशत र ९.३ प्रतिशतले वृद्धि भएको दुग्ध पदार्थ तथा अण्डा उप-समूह र मासु तथा माछा उप-समूहको मूल्य सूचकाङ्क समीक्षा अवधिमा क्रमशः १०.५ प्रतिशत र १०.१ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, समीक्षा अवधिमा अन्न तथा अन्नबाट बनेका वस्तुहरु उप-समूह र अल्कोहलिक पेय पदार्थ उप-समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क क्रमशः ८ प्रतिशत र ७.९ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यी उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः ११.४ प्रतिशत र १९.४ प्रतिशतले वृद्धि भएको थियो। अघिल्लो वर्षको सोही अवधिमा ०.७ प्रतिशतले वृद्धि भएको चिनी तथा मिठाई उप-समूहको मूल्य सूचकाङ्क समीक्षा अवधिमा ०.७ प्रतिशतले घटेको छ।

११. समीक्षा अवधिमा गैर-खाद्य तथा सेवा समूहका वस्तु तथा सेवाहरु मध्ये शिक्षा उप-समूहको मूल्य सूचकाङ्क सबैभन्दा बढी अर्थात १२.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ५.५ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा क्रमशः ८.१ प्रतिशत र २.४ प्रतिशतले वृद्धि भएको कपडा, तयारी लुगा र जुत्ता उप-समूह र घरायसी सामान तथा सेवा उप-समूहको मूल्य सूचकाङ्कमा क्रमशः १०.४ प्रतिशत र ९.५ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा फर्निसिङ्ग तथा घरायसी उपकरण उप-समूह र संचार उप-समूहको मूल्य सूचकाङ्कमा क्रमशः ४.१ प्रतिशत र ३.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा फर्निसिङ्ग तथा घरायसी उपकरण उप-समूहको मूल्य सूचकाङ्क ६.१ प्रतिशतले वृद्धि भएको थियो भने संचार उप-समूहको मूल्य सूचकाङ्क ०.५ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा यातायात उप-समूहको मूल्य सूचकाङ्क ५.३ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त उप-समूहको मूल्य सूचकाङ्क ३ प्रतिशतले वृद्धि भएको थियो ।

१२. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सबैभन्दा बढी काठमाण्डौ उपत्यकामा ८.२ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ भने पहाडमा ७.१ प्रतिशत, तराईमा ६.५ प्रतिशत र हिमालमा ६.१ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्ता मूल्य सूचकाङ्कहरुको वृद्धिदर काठमाडौं उपत्यकामा ७.९ प्रतिशत, पहाडमा ७.२ प्रतिशत र तराईमा ७.६ प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति

१३. आर्थिक वर्ष २०७२/७३ को भदौ महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति दर ५.१ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ७.३ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा थोक मूल्य अन्तर्गत कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क ९.३ प्रतिशत र स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क ५.३ प्रतिशतले वृद्धि भएको छ भने आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क ४.१ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क ९.४ प्रतिशत, स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क ५.७ प्रतिशत र आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क ४.२ प्रतिशतले वृद्धि भएको थियो ।

### राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

१४. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क ६.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क ९.४ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्कमा ०.९ प्रतिशत र ज्यालादर सूचकाङ्कमा ७.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा तलब सूचकाङ्कमा ७.५ प्रतिशत र ज्यालादर सूचकाङ्कमा ९.९ प्रतिशतले वृद्धि भएको थियो ।

१५. समीक्षा अवधिमा तलब अन्तर्गत सार्वजनिक संस्थान, बैंक तथा वित्तीय संस्था र शिक्षा उप-समूहहरुको तलब सूचकाङ्क क्रमशः २.५ प्रतिशत, २.३ प्रतिशत र १.५ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, ज्यालादर अन्तर्गत कृषि मजदुर, निर्माण मजदुर र औद्योगिक मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः ११.४ प्रतिशत, ४.६ प्रतिशत र १.६ प्रतिशतले वृद्धि भएको छ ।

## वाह्य क्षेत्र

१६. नेपालको वैदेशिक व्यापारमा प्रयोग हुने तराई क्षेत्रका प्रमुख नाकाहरु जारी तराई मधेश आन्दोलनको कारणले सुलभ रुपमा सञ्चालन हुन नसकेको एवं चीनसँगको प्रमुख दुई नाकाहरु तातोपानी र केरुङ रसुवागढी भन्सार नाका पनि पुर्ण रुपमा सञ्चालन हुन नसकेको कारणले समग्र वैदेशिक व्यापार प्रभावित

हुन पुगेको छ । तथापि, आयात घटेको तथा ट्रान्सफर आयमा उल्लेख्य वृद्धि भएको कारणले विदेशी विनिमय सञ्चितिमा उच्च वृद्धि भएको छ ।

### वैदेशिक व्यापार स्थिति




१७. आर्थिक वर्ष २०७२/७३ को दुई महिनामा कुल वस्तु निर्यात १५.२ प्रतिशतले ह्रास आई रु. १२ अर्ब २४ करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ४.८ प्रतिशतले कमी आई रु. १४ अर्ब ४३ करोड रहेको थियो । समीक्षा अवधिमा भारत, चीन र अन्य मुलुकतर्फको निर्यात घटेको कारण समग्र निर्यातमा ह्रास आएको हो ।

१८. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिमा ७.६ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा २२.८ प्रतिशतले घटेको छ । जिङ्क शिट, जुस, पोलिष्टर धागो, लत्ताकपडा लगायतका वस्तुहरुको निर्यातमा आएको ह्रासका कारण भारततर्फको निर्यात घट्न गएको हो । त्यस्तै, चीनतर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिमा १५.३ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा १२.३ प्रतिशतले घटेको छ । प्रशोधित छाला, तयारी पोशाक, रुद्राक्ष, अगरवत्ति लगायतका वस्तुहरुको निर्यातमा आएको ह्रासका कारण समीक्षा अवधिमा चीनतर्फको निर्यात घटेको हो । त्यसैगरी, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिमा ०.५ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ३.० प्रतिशतले घटेको छ । विशेषतः दाल, प्रशोधित छाला, चिया, हस्तकलाका सामान लगायतका वस्तुहरुको निर्यात घटेको कारण समीक्षा अवधिमा अन्य मुलुकतर्फको निर्यात घटेको हो । अमेरिकी डलरमा चीन तर्फको वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको १५.० प्रतिशत ह्रासको तुलनामा समीक्षा अवधिमा १८.४ प्रतिशतले ह्रास आई अमेरिकी डलर १७ लाख रहेको छ । त्यसैगरी, अन्य मुलुकतर्फको वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिमा ३.५ प्रतिशत वृद्धिको विपरीत समीक्षा अवधिमा ९.७ प्रतिशतले ह्रास आई अमेरिकी डलर ५ करोड ९ लाख रहेको छ ।

१९. समीक्षा अवधिमा कुल वस्तु आयात १७.५ प्रतिशतले घटेर रु. १०३ अर्ब ९५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात २०.५ प्रतिशतले वृद्धि भई रु. १२६ अर्ब २ करोड पुगेको थियो । तराई मधेशमा जारी आन्दोलनले आपूर्ति व्यवस्थामा समस्या उत्पन्न भएको कारण नेपालमा आयात हुने पेट्रोलियम पदार्थ लगायतका वस्तुहरुको आयात घटेकोले समीक्षा अवधिमा समग्र आयातको वृद्धिदर कम रहन गएको हो ।

२०. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिमा १८.७ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा १९.९ प्रतिशतले घटेको छ । भारतबाट मुख्यतया रासायनिक मल, एम.एस.वायर रड, कोल्ड रोल्ड शिट इन क्वायल, हट रोल्ड शिट इन क्वायल लगायतका वस्तुहरुको आयात बढेको छ भने पेट्रोलियम पदार्थ, एम.एस.विलेट, सिमेन्ट, औषधि लगायतका वस्तुहरुको आयातमा कमी आएको छ । साथै, चीनबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिमा ३९.८ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ५.९ प्रतिशतले बढेको छ । मुख्यतयाः तयारी पोशाक, जुत्ता/चप्पल, दुर सञ्चारका उपकरण तथा पार्टपूर्जा यातायातका उपकरण तथा पार्टपूर्जा लगायतका वस्तुहरुको आयात बढेको कारण चीनबाट भएको आयात

बढेको हो । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिमा १७.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा २२.४ प्रतिशतले घटेको छ । विशेषगरी चाँदी, रासायनिक मल, हवाइजहाजका पार्टपुर्जा कपर वायर रड लगायतका वस्तुहरुको आयात घटेको कारण समीक्षा अवधिमा अन्य मुलुकबाट भएको आयात घटेको हो । अमेरिकी डलरमा चीनबाट भएको वस्तु आयात अघिल्लो बर्षको सोही अवधिमा ४४.२ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा १.२ प्रतिशतले ह्रास आई अमेरिकी डलर १४ करोड ८२ लाख पुगेको छ । त्यसैगरी, अन्य मुलुकबाट भएको वस्तु आयात अघिल्लो वर्षको सोही अवधिको २०.९ प्रतिशत वृद्धिको विपरीत समीक्षा अवधिमा २७.६ प्रतिशतले घट्न गई अमेरिकी डलर २२ करोड ११ लाख पुगेको छ ।

२१. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा १७.८ प्रतिशतले कम भई रु. ९१ अर्ब ७१ करोडमा सीमित भएको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो व्यापार घाटा २४.९ प्रतिशतले बढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये समीक्षा अवधिमा भारत र अन्य मुलुकसँगको व्यापार घाटा क्रमशः १९.६ प्रतिशत र २६.८ प्रतिशतले घटेको छ भने चीनसँगको व्यापार घाटा ६.२ प्रतिशतले बढेको छ । अघिल्लो बर्षको सोही अवधिमा भारत, चीन र अन्य मुलुकसँगको व्यापार घाटा क्रमशः २२.९ प्रतिशत, ४१.१ प्रतिशत र २२.४ प्रतिशतले बढेको थियो । एफ. ओ. बि. (FOB) मूल्यमा आधारित वस्तु व्यापार घाटा समीक्षा अवधिमा १८.४ प्रतिशतले ह्रास आई रु. ८७ अर्ब ९० करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा २५.३ प्रतिशतले बढेको थियो ।

२२. आयात उच्च दरले घटेको कारण समीक्षा अवधिमा निर्यात-आयात अनुपात ११.८ प्रतिशत पुगेको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो अनुपात ११.४ प्रतिशत रहेको थियो ।

**बक्स १: वाणिज्य नीति २०७२**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालयले निकासी प्रर्वद्धन मार्फत राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाई आर्थिक समृद्धि हासिल गर्ने दुरदृष्टिका साथ वाणिज्य नीति, २०७२ जारी गरेको छ । निकासी प्रवर्द्धन गरी समावेशी र दिगो आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य तथा आपूर्तिजन्य क्षमताको सुदृढीकरण र विश्व बजारमा मूल्य अभिवृद्धियुक्त प्रतिस्पर्धी वस्तु तथा सेवाको निकासी बढाई व्यापार घाटा कम गर्ने र क्षेत्रीय तथा विश्व बजारमा वस्तु, सेवा र बौद्धिक सम्पत्तिको पहुँच वृद्धि गर्ने उद्देश्य वाणिज्य नीतिको रहेको छ । यस नीतिले निर्यात सम्भावनायुक्त वस्तु तथा सेवाहरुको सूचीमा २६ वटा वस्तु र ७ वटा सेवा क्षेत्रहरु समावेश गरेको छ ।

| वस्तुहरु | | | सेवाहरु |
|---|---|---|---|
| १. अदुवा/सुठो | १०. जुत्ता | १९. फलफूल | १.इन्जिनियरिङ्ग |
| २. अलैंची | ११.टेक्सटायल | २०.फलाम र इस्पातका वस्तुहरु | २.जलविद्युत |
| ३. ऊनी तथा गलैंचा | १२. तरकारी, तरकारीको बीउ | २१. मह | ३. पर्यटन |
| ४. औषधि, औषधिजन्य जडिबुटी तथा सारयुक्त तेल | १३. तयारी चाउचाउ | २२.दाल | ४.शिक्षा |
| ५. कफी | १४. तयारी पोशाक | २३.सिमेन्ट | ५.सूचना प्रविधि तथा बिजिनेश प्रोसेस आउटसोर्सिङ्ग (IT/BPO) |
| ६. कार्पेट | १५. दुग्ध उत्पादन | २४.सुनचाँदीका गहना तथा बहुमुल्य रत्नपथ्थर | ६. स्वास्थ्य सेवा |
| ७. च्याङ्ग्रा पश्मिना तथा रेशमजन्य वस्तुहरु | १६. प्रशोधित छाला | २५. हस्तकलाका वस्तुहरु | ७.श्रम शक्ति (दक्ष/अर्धदक्ष) |
| ८. चिनी | १७. पश्मिना | २६.हातेकागज र सोको उत्पादन | - |
| ९. चिया | १८. पुष्प (फूल) | - | - |

## निर्यात आयात मूल्य सूचकाङ्क

२३. आर्थिक वर्ष २०७२/७३ को दोस्रो महिनाको भन्सार तथ्यांकमा आधारित निर्यातको एकाई मूल्य सूचकाङ्क (Unit Value Index) वार्षिक विन्दुगत आधारमा ७.३ प्रतिशतले वृद्धि भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सूचकाङ्क ८.६ प्रतिशतले वृद्धि भएको थियो । प्रमुख निर्यातित वस्तुहरु मुसुरो दाल, सुपारी, अलैंची, जुटको डोरी आदिको मूल्यमा वृद्धि भएको कारण निर्यात मूल्य सूचकाङ्कमा वृद्धि भएको हो ।

२४. भन्सार तथ्याङ्कमा आधारित आयातको एकाई मूल्य सूचकाङ्क वार्षिक विन्दुगत आधारमा आर्थिक वर्ष २०७२/७३ को दोस्रो महिनामा ४.३ प्रतिशतले घटेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सूचकाङ्क ६.२ प्रतिशतले बढेको थियो । प्रमुख आयातित वस्तुहरु डिजेल, एल. पी. ग्याँस, पेट्रोल, जिङ्क, आदिको मूल्यमा ह्रास आएको कारण समीक्षा अवधिमा आयात मूल्य सूचकाङ्कमा कमी आएको हो ।

२५. वार्षिक विन्दुगत आधारमा आर्थिक वर्ष २०७२/७३ को भदौ महिनामा निर्यात र आयात मूल्य सूचकाङ्कको अनुपात (Terms of Trade) मा १२.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात २.२ प्रतिशतले बढेको थियो ।

## सेवा

२६. समीक्षा अवधिमा सेवा क्षेत्रतर्फको कुल आयमा ०.७ प्रतिशतले कमी आई रु. २१ अर्ब १९ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सेवा आय २२.७ प्रतिशतले वृद्धि भएको थियो । यस अन्तर्गत भ्रमण शीर्षकको आय ०.८ प्रतिशतले बढेको छ भने अन्य सेवा आय २६.६ प्रतिशतले घटेको छ । त्यसैगरी, सरकारी सेवा आय ५२.७ प्रतिशतले वृद्धि भएको छ । २०७२ वैशाख १२ मा गएको विनासकारी भूकम्पले पर्यटन लगायत समग्र सेवा क्षेत्रमा पुर्‍याएको क्षतिका साथै तराई मधेशमा भइरहेको आन्दोलनले सेवा आयमा प्रतिकुल प्रभाव पारेको हो ।

२७. समीक्षा अवधिमा कुल सेवा खर्च १७.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च २३.५ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा सेवा खर्च तर्फ ढुवानी/यातायात खर्च ४.२ प्रतिशत, भ्रमण खर्च १३ प्रतिशत र अन्य सेवा खर्च ५३ प्रतिशतले बढेको छ ।

२८. समीक्षा अवधिमा सेवा तर्फको आय घटेको तर खर्चमा वृद्धि भएको कारण खुद सेवा खाता रु. ३ अर्ब ७३ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो खाता रु. ११ करोडले बचतमा रहेको थियो ।

## ट्रान्सफर

२९. समीक्षा अवधिमा खुद ट्रान्सफर आय ३२.२ प्रतिशतले वृद्धि भई रु. १२५ अर्ब ५० करोड पुगेको छ । अघिल्लो वर्षको दुई महिनामा यस्तो आयमा ६.४ प्रतिशतले कमी आएको थियो । समीक्षा अवधिमा ट्रान्सफर आयतर्फको अनुदान, विप्रेषण तथा पेन्सन आयमा उच्च वृद्धि भएको कारण खुद ट्रान्सफर आयमा वृद्धि भएको हो ।

३०. कुल ट्रान्सफर आय अघिल्लो वर्षको दुई महिनाको ६.५ प्रतिशत ह्रासको विपरीत समीक्षा अवधिमा ३२.१ प्रतिशतको उच्च वृद्धि भई रु. १२५ अर्ब ९० करोड पुगेको छ । समीक्षा अवधिमा ट्रान्सफर अन्तर्गत रु. १० अर्ब ९८ करोड वैदेशिक अनुदान प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. ४ अर्ब २७ करोड अनुदान प्राप्त भएको थियो ।

३१. ट्रान्सफर आय अन्तर्गत विप्रेषण आप्रवाह अघिल्लो वर्षको सोही अवधिमा ४ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा २७.५ प्रतिशतको उच्च दरले वृद्धि भई रु. १०७ अर्ब ६७ करोड पुगेको छ । अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्षको सोही अवधिमा १.१ प्रतिशत ह्रासको विपरीत समीक्षा अवधिमा १८.७ प्रतिशतले वृद्धि भई १ अर्ब ३ करोड डलर पुगेको छ ।

**बक्स २: बैदेशिक रोजगारीमा गएका नेपाली कामदारहरुको संख्या***

| महिना/बर्ष | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
|---|---|---|---|
| साउन | ४५९३७ | ४२३०९ | ३७७५६ |
| भदौ | २४२१४ | ५१५५१ | ३९३१४ |
| असोज | ३१९५९ | ३५५५० | – |
| कात्तिक | ३१९४९ | ४३२१३ | – |
| मंसिर | ४१६३४ | ५३३५४ | – |
| पुस | ५००३२ | ४५३६२ | – |
| माघ | ३७२८५ | ४८९४१ | – |
| फागुन | ४८५५२ | ४४४६० | – |
| चैत | ४५८५४ | ५२२१० | – |
| वैशाख | ५४१७३ | ३१३७५ | – |
| जेठ | ५४९२६ | ३७९६२ | – |
| असार | ६१७१७ | २६६०० | – |
| **कुल** | **५२८२३२** | **५१२८८७** | **७७०७०** |
| प्रतिशत परिवर्तन | १६.५ | -२.९ | -१७.९** |

* अन्तिम श्रम स्वीकृतिमा आधारित ।
** भाद्रसम्मको जोडको तुलना ।
स्रोतः वैदेशिक रोजगार विभाग ।

३२. विप्रेषण आप्रवाहलाई प्रत्यक्ष प्रभाव पार्ने वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकहरुको संख्यामा पछिल्ला महिनाहरुमा केही कमी आएको छ । अन्तिम श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या आर्थिक वर्ष २०७२/७३ को दुई महिनामा गत वर्षको सोही अवधिको तुलनामा १७.९ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ३३.८ प्रतिशतले बढेको थियो ।

३३. समीक्षा अवधिमा पेन्सन आय १०.५ प्रतिशतले वृद्धि भई रु. ७ अर्ब २५ करोड पुगेको छ । अघिल्लो वर्ष पेन्सन आय रु. ६ अर्ब ५६ करोड रहेको थियो ।

## चालू खाता

३४. समीक्षा अवधिमा चालू खाता रु. ३८ अर्ब ४८ करोडले बचतमा रहेको छ । अघिल्लो बर्षको सोही अवधिमा यो खाता रु. ९ अर्ब ३३ करोडले घाटामा रहेको थियो । वस्तु आयात घट्नुको साथै विप्रेषण तथा अनुदान उच्च दरले बढेको कारण चालु खाता बचत बढ्न गएको हो । अमेरिकी डलरमा चालू खाता बचत ३६ करोड ६० लाख डलर रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालू खाता बचत ९ करोड ६२ लाख डलरले ऋणात्मक रहेको थियो ।

## पूँजी तथा वित्तीय खाता

३५. समीक्षा अवधिमा पूँजीगत ट्रान्सफर रु. २ अर्ब ५१ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर रु. १ अर्ब ४ करोड रहेको थियो ।

**वक्स ३: प्रत्यक्ष वैदेशिक लगानीमा लाभांश भुक्तानीको स्थिति***

(रु. करोडमा)

| क्र.सं. | क्षेत्र | २०७१/७२ बार्षिक |
|---|---|---|
| १ | वित्तीय क्षेत्र | १७९.४४ |
| २ | सञ्चार क्षेत्र | ०.४० |
| ३ | जलविद्युत क्षेत्र | २८७.४५ |
| ४ | औद्योगिक क्षेत्र | २२९.९२ |
| ५ | सेवा क्षेत्र | २३.८६ |
| | **जम्मा** | **७२१.०७** |

* नेपाल राष्ट्र बैंकबाट लाभांश लैजानका लागि प्रदान गरिएको स्वीकृतिका आधारमा ।

३६. समीक्षा अवधिमा प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. ८३ करोड ४७ लाख रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आप्रवाह रु. ३४ करोड १५ लाख लाख रहेको थियो ।

३७. नेपाल राष्ट्र बैंकबाट लिईएको स्वीकृतिका आधारमा गत आर्थिक वर्ष २०७१/७२ मा

प्रत्यक्ष वैदशिक लगानीको लाभांश स्वरुप रु. ७ अर्ब २१ करोड भुक्तानी भएको छ । चालु आर्थिक वर्ष २०७२/७३ को दुई महिनासम्ममा प्रत्यक्ष वैदेशिक लगानीमा लाभांश भुक्तानी भएको देखिदैंन ।

## समग्र शोधनान्तर स्थिति

३८. समीक्षा अवधिमा शोधनान्तर बचत रु. ३२ अर्ब ६ करोड रहेको छ। अघिल्लो बर्षको सोही अवधिमा रु. ७४ करोड ४४ लाखले शोधनान्तर घाटा भएको थियो । अमेरिकी डलरमा समीक्षा अवधिको शोधनान्तर बचत ३० करोड ४३ लाख डलर रहेको छ भने अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर ७७ लाख डलरले ऋणात्मक थियो ।

## विदेशी विनिमय सञ्चिति

३९. २०७२ भदौ मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०७२ असार मसान्तको रु. ८२३ अर्ब ८७ करोडको तुलनामा ६.४ प्रतिशतले वृद्धि भई रु. ८७६ अर्ब ७५ करोड पुगेको छ । २०७१ भदौ मसान्तमा यस्तो सञ्चिति २०७१ असार मसान्तको तुलनामा ०.८ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा भने बैकिङ्ग क्षेत्रको कुल सञ्चिति २०७२ असार मसान्तदेखि २०७२ भदौ मसान्तसम्ममा १.६ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ८ अर्ब २८ करोड पुगेको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो सञ्चिति ०.९ प्रतिशतले घटेको थियो ।




४०. कुल विदेशी विनिमय सञ्चिति मध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७२ असार मसान्तको रु. ७०२ अर्ब ८८ करोडको तुलनामा २०७२ भदौ मसान्तमा ७.५ प्रतिशतले वृद्धि भई रु. ७५५ अर्ब ३५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति रु. १६ करोड ८२ लाखले बढेको थियो । कुल सञ्चितिमा नेपाल राष्ट्र बैंकमा रहेको सञ्चितिको अंश ८६.२ प्रतिशत रहेको छ ।

४१. २०७२ असार मसान्तको तुलनामा २०७२ भदौ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरु (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति ०.३ प्रतिशतले वृद्धि भई रु. १२१ अर्ब ४१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति ५.४ प्रतिशतले बृद्धि भई २०७१ भदौ मसान्तमा ९७ अर्ब ९९ करोड पुगेको थियो ।

४२. समीक्षा अवधिमा अपरिवर्त्य भारतीय मुद्रा सञ्चिति ३.८ प्रतिशतले वृद्धि भई भा.रु. १२४ अर्ब २६ करोड पुगेको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो सञ्चिति १.४ प्रतिशतले घटेको थियो । कुल सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २२.७ प्रतिशत रहेको छ ।

## सञ्चिति पर्याप्तता सूचकहरु

| बक्स ४: सञ्चिति पर्याप्तता अनुपात (प्रतिशतमा) | | | | |
|---|---|---|---|---|
| विवरण | असार | | भदौ | |
| | २०७१ | २०७२ | २०७१ | २०७२ |
| विदेशी विनिमय सञ्चिति/कुल गार्हस्थ उत्पादन | ३४.३ | ३८.८ | ३४.५ [क] | ४१.३[क] |
| विदेशी विनिमय सञ्चिति/आयात [*] | ८३.१ | ९३.२ | ७७.१ | ११५.२ |
| विदेशी विनिमय सञ्चिति/विस्तृत मुद्रा प्रदाय | ४२.५ | ४३.९ | ४२.८ | ४६.२ |

* वस्तु तथा सेवा आयात,
क. कुल ग्राहस्थ उत्पादनको अघिल्लो आर्थिक वर्षको वार्षिक तथ्याङ्क प्रयोग गरिएको ।

४३. समीक्षा अवधिमा सञ्चिति पर्याप्तता सूचकहरु सन्तोषजनक रहेका छन् । आर्थिक वर्ष २०७२/७३ को दुई महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १७.२ महिनाको वस्तु आयात र १३.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । समीक्षा अवधिमा विदेशी विनिमय सञ्चितिसँग कुल गार्हस्थ उत्पादन, कुल आयात र विस्तृत मुद्रा प्रदायको अनुपातहरु क्रमशः ४१.३ प्रतिशत, ११५.२ प्रतिशत र ४६.२ प्रतिशत रहेका छन् । २०७२ असार मसान्तमा यस्ता अनुपातहरु क्रमशः ३८.८ प्रतिशत, ९३.२ प्रतिशत र ४३.९ प्रतिशत रहेका थिए ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

४४. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७१ भदौ मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ९६.४३ रहेकोमा २०७२ भदौ मसान्तमा ४९.९ प्रतिशतको उच्च दरले ह्रास आई प्रति ब्यारल अमेरिकी डलर ४८.२७ कायम भएको छ । यस अवधिमा चीन लगायत उदीयमान तथा विकाशोन्मुख देशको मागमा कमी आएपनि अमेरिका तथा OPEC देशहरुले उत्पादन नघटाएकोले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा कमी आएको हो । त्यसैगरी, सुनको मूल्य २०७१ भदौ मसान्तमा प्रति आउन्स अमेरिकी डलर १२३४.२५ रहेकोमा २०७२ भदौ मसान्तमा ९.५ प्रतिशतले ह्रास आई प्रति आउन्स अमेरिकी डलर १११७.५० कायम रहेको छ ।

४५. २०७२ असार मसान्तको तुलनामा २०७२ भदौ मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ४.५ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १.७ प्रतिशतले अवमूल्यन भएको थियो । २०७२ भदौ मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. १०५.९२ पुगेको छ । २०७२ असार मसान्तमा उक्त विनिमय दर रु. १०१.१४ रहेको थियो ।

## व्यापार घाटामा सुधार ल्याउने सम्वन्धी व्यवस्थाहरुको स्थिति

४६. नेपालले निर्यात प्रवर्द्धन तथा वाह्य क्षेत्र कारोवारलाई सहजीकरण गर्न विभिन्न नीतिगत व्यवस्थाहरु अवलम्वन गरेको छ । यस अन्तर्गत सहुलियतपूर्ण ब्याजदरमा पूनरकर्जा उपलब्ध गराउनुको साथै नेपाल सरकारले तोकिएका १० वटा औद्योगिक वस्तुहरुको निर्यातमा २ प्रतिशत, १५ वटा औद्योगिक तथा ७ वटा कृषिजन्य वस्तुहरुको निर्यातमा १ प्रतिशत नगद प्रोत्साहन दिने व्यवस्था गरेको छ । यस व्यवस्था अन्तर्गत आर्थिक बर्ष २०७१/७२ मा निर्यातकर्ताहरुलाई नगद अनुदान स्वरुप रु. २५ करोड ३ लाख उपलब्ध गराइएको थियो । चालु आर्थिक बर्षको दुई महिनामा नगद प्रोत्साहन अन्तर्गत छालाजन्य बस्तु, दाल, पश्मिना र कार्पेट गरी ४ बस्तु निर्यातमा कूल रु. ८८ लाख ३३ हजार नगद अनुदान उपलब्ध गराइएको छ ।

# सरकारी वित्त स्थिति *

## बजेट घाटा/बचत

४७. आर्थिक वर्ष २०७२/७३ को दुई महिनामा नगद प्रवाहमा आधारित सरकारी बजेट रु. ४२ अर्ब ९९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. ४२ अर्ब ९३ करोडले बचतमा रहेको थियो ।

## सरकारी खर्च

४८. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ६.१ प्रतिशतले ह्रास भई रु. १६ अर्ब ४५ करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च ११.१ प्रतिशतले घटी रु. १७ अर्ब ५२ करोड भएको थियो । समीक्षा अवधिमा चालू खर्चमा कमी आएकोले कुल सरकारी खर्च घट्न गएको हो । समीक्षा अवधिमा भएको कुल सरकारी खर्च वार्षिक लक्ष्यको २.०१ प्रतिशत रहेको छ (बक्स ५) ।




## सरकारी राजस्व

४९. समीक्षा अवधिमा नेपाल सरकारको राजस्व परिचालन ३.६ प्रतिशतले घटी रु. ५३ अर्ब ८ करोडमा सिमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व २१.४ प्रतिशतले वृद्धि भई रु. ५५ अर्ब ८ करोड पुगेको थियो । समीक्षा अवधिमा संकलन भएको कुल राजस्व वार्षिक लक्ष्यको ११.१७ प्रतिशत रहेको छ (बक्स ५) ।




---

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६७ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४४ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ९ वटा शाखाहरु, कृषि विकास बैंक लि. र ग्लोबल आईएमई बैंक लिमिटेडका ४/४ वटा शाखाहरु, एनएमबी बैंक लिमिटेड र बैक अफ काठमाडौको १/१ शाखा र जिल्लास्थित ७९ वटै कोष तथा लेखा नियन्त्रण कार्यालयहरु र भुक्तानी केन्द्रहरुबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

५०. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्व, भन्सार राजस्व, अन्तःशुल्क, रजिष्ट्रेशन शुल्क, सवारी कर, अन्य कर राजस्व र गैर कर राजस्वमा कमी आएको छ भने आयकर राजस्व, स्वास्थ्य सेवा कर तथा शिक्षा सेवा कर राजस्वमा विस्तार भएको छ ।

**बक्स ५: सरकारी वित्तको प्रगति (नगद प्रवाहमा आधारित)**

रु. करोडमा

| | आ.व. २०७२/७३ को बजेट अनुमान | दुई महिनासम्मको प्रगति | प्रगति प्रतिशतमा |
|---|---|---|---|
| कुल खर्च | ८१९४६.८९ | १६४५.०७ | २.०१ |
| चालू खर्च | ४८४२६.६४ | १०५६.५८ | २.१८ |
| पूँजीगत खर्च | २०८८७.७२ | ४३.५९ | ०.२१ |
| वित्तीय व्यवस्था अन्तर्गतको खर्च | १२६३२.५३ | ५४४.९० | ४.३१ |
| राजस्व | ४७५०१.२१ | ५३०७.५४ | ११.१७ |
| वैदेशिक अनुदान | ११०९२.९४ | ६५०.८० | ५.८७ |
| कुल ऋण | १८२९६.४७ | १७६.९१ | १.८६ |
| *आन्तरिक ऋण* | *८८००.००* | *0.00* | *0.00* |
| *वैदेशिक ऋण* | *९४९६.४७* | *१७६.९१* | *१.८६* |
| *नगद मौज्दातमा परिवर्तन (+ घाटा / - बचत )* | *४८५६.२७* | *-४४६८.४३* | |

### सार्वजनिक ऋण †

५१. २०७२ भदौ मसान्तमा नेपाल सरकारको तिर्न बाँकी कुल सार्वजनिक ऋण रु. ५३४ अर्ब ६७ करोड रहेको छ । जसमध्ये आन्तरिक ऋण रु. १९१ अर्ब ३४ करोड र वैदेशिक ऋण रु. ३४३ अर्ब ३४ करोड रहेको छ । कुल सार्वजनिक ऋणको कुल गाहर्स्थ्य उत्पादनसँगको अनुपात २५.१७ प्रतिशत रहेको छ । समीक्षा अवधिमा सरकारले रु. ५ अर्ब ४५ करोड आन्तरिक ऋण र रु. १ अर्ब ४० करोडको वैदेशिक ऋण गरी कुल रु. ६ अर्ब ८४ करोड वरावरको सार्वजनिक ऋण भुक्तानी गरेको छ ।

### सरकारको नगद मौज्दात स्थिति

५२. २०७२ भदौ मसान्तसम्ममा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा मौज्दात रु. ८५ अर्ब ७६ करोड रहेको छ। जसमध्ये समीक्षा अवधिको रु. ४४ अर्ब ६८ करोड र अघिल्लो वर्षको रु. ४१ अर्ब ८ करोड रहेको छ।

## मौद्रिक तथा वित्तीय स्थिति

### मुद्राप्रदाय

५३. आर्थिक वर्ष २०७२/७३ को दुई महिनामा विस्तृत मुद्राप्रदाय १ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ०.१ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा संकुचित मुद्राप्रदाय ३.१ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय २.८ प्रतिशतले घटेको थियो। वार्षिक विन्दुगत आधारमा २०७२ भदौ मसान्तमा विस्तृत मुद्राप्रदाय २१ प्रतिशत र संकुचित मुद्राप्रदाय १९.४ प्रतिशतले बढेको छ।

५४. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. ३२ अर्ब ६ करोड (४.३ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति

† वैदेशिक ऋण म.ले.नि.का र शोधानान्तर तथ्याङ्कमा आधारित रहेको ।

रु. ७४ करोड (०.१ प्रतिशत) ले घटेको थियो । समीक्षा अवधिमा विप्रेषण आप्रवाहको विस्तारका साथै आयातमा समेत संकुचन आएकोले खुद वैदेशिक सम्पत्तिको विस्तार केही उच्च रहन गएको हो ।

## कुल आन्तरिक कर्जा

५५. आर्थिक वर्ष २०७२/७३ को दुई महिनामा कुल आन्तरिक कर्जा १.९ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ०.२ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७२ भदौ मसान्तमा यस्तो कर्जा १३.१ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा यस बैंकमा रहेको नेपाल सरकारको निक्षेप बढेको कारण कुल आन्तरिक कर्जाको वृद्धिदरमा ह्रास आएको हो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा १.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ३.९ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा निजी क्षेत्रतर्फको कर्जा २०७२ भदौ मसान्तमा १६.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर २०.७ प्रतिशत रहेको थियो ।

## सञ्चित मुद्रा

५६. समीक्षा अवधिमा सञ्चित मुद्रा ९.१ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ९.५ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७२ भदौ मसान्तमा उक्त मुद्रा १४.८ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले निक्षेप बोलकबोलमार्फत् उल्लेख्य तरलता प्रशोचन गरेकोले सञ्चित मुद्राको वृद्धिदरमा ह्रास आएको हो ।

## निक्षेप परिचालन

५७. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप ०.९ प्रतिशत (रु. १४ अर्ब ९० करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त निक्षेप ०.३ प्रतिशत (रु. ४ अर्ब ८९ करोड) ले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप क्रमशः ०.९ प्रतिशत, २.२ प्रतिशत र ३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंक र वित्त कम्पनीहरुको निक्षेप क्रमशः १.५ प्रतिशत र ०.७ प्रतिशतले बढेको थियो भने विकास बैकहरुको निक्षेप ७.७ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७२ भदौ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप २०.७ प्रतिशतले बढेको छ ।

चार्ट ६: निक्षेप तथा कर्जा वृद्धिदर स्थिति (दुई महिना)




## कर्जा प्रवाह

५८. आर्थिक वर्ष २०७२/७३ को दुई महिनामा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी १.३ प्रतिशत ( रु. २० अर्ब ३६ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तथा लगानी ३.६ प्रतिशत (रु. ४७ अर्ब ७६ करोड) ले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको कर्जा तथा लगानी क्रमशः १.१ प्रतिशत, २.५ प्रतिशत र ५.९ प्रतिशतले बढेको छ । समीक्षा

अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ०.९ प्रतिशत (रु. ११ अर्ब ७२ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ३.२ प्रतिशत (रु. ३५ अर्ब २१ करोड) ले बढेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको कर्जा प्रवाह क्रमशः ०.८ प्रतिशत, ०.८ प्रतिशत र २.१ प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा २०७२ भदौ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १७.२ प्रतिशतले बढेको छ ।

५९. समीक्षा अवधिमा औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. २ अर्ब ६८ करोड (१ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रु. ११ अर्ब ६९ करोड (५.३ प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. २ अर्ब ४३ करोड (०.८ प्रतिशत), निर्माण क्षेत्रतर्फको कर्जा रु. २ अर्ब १८ करोड (१.४ प्रतिशत) र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. ४ अर्ब १४ करोड (६.९ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. ११ अर्ब ८ करोड (४.५ प्रतिशत), निर्माण क्षेत्रतर्फको कर्जा रु. ६ अर्ब ४ करोड (५.१ प्रतिशत) र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. १ अर्ब ५८ करोड ( ३.३ प्रतिशत) ले बढेको थियो । त्यसैगरी, अघिल्लो वर्षको सोही अवधिमा कृषि क्षेत्रतर्फको कर्जा रु. ४८ करोड (०.९ प्रतिशत) ले बढेकोमा समीक्षा अवधिमा उक्त कर्जा रु. १ अर्ब २४ करोड (१.९ प्रतिशत) ले घटेको छ ।

६०. आर्थिक वर्ष २०७२/७३ को दुई महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कुल कर्जामध्ये ५९.४ प्रतिशत कर्जा घरजग्गाको धितोमा र १२.९ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जाको अनुपात क्रमशः ५८.८ प्रतिशत र १३.८ प्रतिशत रहेको थियो ।

६१. समीक्षा अवधिमा वाणिज्य बैंकहरुबाट सरकारी संस्थानहरुलाई प्रवाह गरेको कर्जा २६.७ प्रतिशतले ह्रास आई रु. ९ अर्ब ६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा प्रवाहमा ०.३ प्रतिशतले ह्रास आएको थियो ।

## तरलता व्यवस्थापन

६२. आर्थिक वर्ष २०७२/७३ को दुई महिनासम्ममा पटक-पटक गरी निक्षेप बोलकबोलमार्फत् रु. ५७ अर्ब २५ करोड, रिभर्स रिपोमार्फत् (टर्नओभरको आधारमा) रु. २१ अर्ब ३० करोड तथा सोझै बिक्री बोल-कबोलमार्फत् रु. ९ अर्ब १० करोडको तरलता प्रशोचन भएको छ । २०७२ भदौ मसान्तमा निक्षेप संकलन बोल-कबोल रकम रु. १०७ अर्ब २५ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा रिभर्स रिपोमार्फत् रु. १६८ अर्बको तरलता प्रशोचन भएको थियो ।

६३. आर्थिक वर्ष २०७२/७३ को दुई महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर ७० करोड ९४ लाख खुद खरिद गरी रु. ७३ अर्ब ९३ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ४७ करोड १५ लाख खुद खरिद गरी रु. ४५ अर्ब ७८ करोडको खुद तरलता प्रवाह भएको थियो ।

६४. समीक्षा अवधिमा अमेरिकी डलर ५४ करोड बिक्री गरी रु. ३५ अर्ब ८ करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ५० करोड बिक्री गरी रु. ३० अर्ब ३१ करोड बराबरको भा.रु. खरिद भएको थियो ।

## द्वन्द्वको समयमा बन्द भएका बैंक शाखाहरुको पुनर्स्थापना

६५. द्वन्द्वको समयमा बन्द भएका कुल २८४ बैंक शाखाहरुमध्ये कृषि विकास बैंक लिमिटेडका ५४, राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका ४७ र नेपाल बैंक लिमिटेडका २६ शाखाहरु २०७२ भदौ मसान्त सम्ममा पुनर्स्थापना भइसकेका छन् । बाँकी रहेकामध्ये कृषि विकास बैंक लिमिटेडका १३, राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका ५० र नेपाल बैंक लिमिटेडका ९४ शाखाहरु पुनर्स्थापना हुने क्रममा रहेका छन् । यसप्रकार द्वन्द्वकालमा बन्द भएका सरकारी स्वामित्वका २८४ बैंक शाखाहरुमध्ये २०७२ भदौ मसान्तसम्ममा १२७ वटा शाखाहरु पुनर्स्थापना भईसकेका छन् भने बाँकी १५७ शाखाहरु पुनर्स्थापना हुने क्रममा रहेका छन् ।

**बक्स ६: द्वन्द्वको समयमा बन्द भएका बैंक शाखाहरुको पुनर्स्थापना सम्बन्धी विवरण**

| विवरण | कुल | नेपाल बैंक लि. | राष्ट्रिय वाणिज्य बैंक लि. | कृषि विकास बैंक लि. |
|---|---|---|---|---|
| बन्द भएका कुल शाखा | २८४ | १२० | ९७ | ६७ |
| पुनर्स्थापना भएका शाखाहरु | १२७ | २६ | ४७ | ५४ |
| पुनर्स्थापनाको क्रममा रहेका शाखाहरु | १५७ | ९४ | ५० | १३ |

## वित्तीय प्रगाढता परिसूचकहरु

६६. आर्थिक वर्ष २०७२/७३ को दुई महिनामा विस्तृत मुद्राप्रदाय, कुल आन्तरिक कर्जा, निजी क्षेत्रको कर्जा तथा कुल निक्षेप जस्ता प्रमुख वित्तीय परिसूचकहरुसँग कुल गार्हस्थ्य उत्पादनको अनुपात अघिल्ला वर्षहरुको तुलनामा बढेको छ (बक्स ७) । यसबाट वित्तीय प्रगाढताको स्थिति सुधारोन्मुख रहेको देखिन्छ ।

**बक्स ७ : वित्तीय प्रगाढता परिसूचकहरु**

(प्रतिशतमा)

| परिसूचक | भदौ | | |
|---|---|---|---|
| | २०७० | २०७१ | २०७२* |
| विस्तृत मुद्राप्रदाय/कुल गार्हस्थ उत्पादन | ६८.३ | ७३.७ | ८९.२ |
| कुल आन्तरिक कर्जा/कुल गार्हस्थ उत्पादन | ५९.० | ६२.० | ६९.९ |
| निजी क्षेत्रतर्फको कर्जा/कुल गार्हस्थ उत्पादन | ५१.० | ५६.३ | ६५.७ |
| कुल निक्षेप/कुल गार्हस्थ उत्पादन अनुपात | ६१.८ | ६६.४ | ८०.२ |

* आर्थिक वर्ष २०७१/७२ को कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ।

## वित्तीय विस्तार

६७. वित्तीय संस्थाहरुको शाखा सञ्जालमा भएको वृद्धिसँगै वित्तीय सेवाको पहुँच विस्तार हुँदै गएको छ । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०७१ भदौमा ३४९७ रहेकोमा २०७२ भदौमा ३८६२ पुगेको तथा डेबिट कार्ड, निक्षेप एवम् ऋण खाता

**बक्स ८: वित्तीय विस्तारको अवस्था**

| विवरण | भदौ | |
|---|---|---|
| | २०७१ | २०७२ |
| बैंक तथा वित्तीय संस्थाहरुको संख्या | २०१ | १९४ |
| बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या | ३४९७ | ३८६२ |
| डेबिट कार्ड संख्या | ४१२९७११ | ४५३१७८७ |
| क्रेडिट कार्ड संख्या | ५७८९८ | ४३८९५ |
| निक्षेप खाता संख्या | १३११२८८१ | १४९३४६१८ |
| ऋण खाता संख्या | ९३७८७३ | १०३३३८४ |

संख्यामा विस्तार हुँदै गएकोले समग्र वित्तीय पँहुच अभिवृद्धिमा सघाऊ पुगेको छ (बक्स ८)।

## नियमन व्यवस्था

६८. समीक्षा अवधिमा एक बैंक तथा वित्तीय संस्थाले यस बैंकबाट समस्याग्रस्त घोषणा गरिएका बैंक तथा वित्तीय संस्थाको शाखा खरिद गर्न सक्ने, उच्च गरिबी रहेका तोकिएका १० जिल्लाहरु र गरिबीको गहनता बढी भएका दक्षिण सिमावर्ती क्षेत्रका तोकिएका गाउँ विकास समिति तथा नगरपालिका क्षेत्रमा कृषि तथा साना व्यवसायमा प्रवाहित रु. ५ लाखसम्मको कर्जामा विशेष पुनरकर्जा सुविधा प्रदान गर्ने तथा उक्त क्षेत्रमा शाखा खोल्न यस बैंकको पूर्व स्वीकृति लिनु नपर्ने, प्रमुख शहरहरुमा संचालन हुने सार्वजनिक यातायात संचालन गर्ने संगठित संस्थालाई प्रदान गरिने कर्जालाई उत्पादनमूलक कर्जामा गणना गर्ने र Magnetic Strip Card लाई Chip Based Card मा प्रतिस्थापन गर्ने लगायतका निर्देशनहरु जारी गरिएका छन् ।

## पुनरकर्जा तथा उत्पादनशील कर्जा

६९. उत्पादनशील क्षेत्रतर्फ लगानी तथा निर्यात विस्तारमा समेत सहयोग पुऱ्याउने उद्देश्यले यस बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जाको उपयोग समीक्षा अवधिमा केही घटेको छ ।

७०. समीक्षा अवधिमा साधारण पुनरकर्जातर्फ रु. ६१ करोड ८० लाख र निर्यात पुनरकर्जातर्फ रु. ५ करोड ३० लाख गरी जम्मा रु. ६७ करोड १० लाख वरावरको पुनरकर्जा उपलब्ध गराइएको छ। अघिल्लो वर्षको सोही अवधिका साधारणतर्फ रु. ५५ करोड ४८ लाख र निर्याततर्फ रु. ४१ करोड ३ लाख गरी कुल रु. ९६ करोड ५१ लाखको पुनरकर्जा उपयोग भएको थियो ।

७१. भूकम्प पिडितहरुलाई राहत प्रदान गर्न यस बैंकबाट शुन्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था गरिएकोमा यस सम्बन्धी आवश्यक कार्यविधि तर्जुमा गरी लागू गरिएको छ। यस सुविधा अन्तर्गत २०७२ भदौ मसान्तसम्ममा रु. १७ लाख ४४ हजार कर्जा प्रवाह भएको छ।

७२. वाणिज्य बैंकहरुले उत्पादनशील क्षेत्रमा कुल कर्जाको २० प्रतिशत कर्जा प्रदान गर्नुपर्ने नीतिगत व्यवस्था अनुरुप २०७२ भदौ मसान्तसम्ममा वाणिज्य बैंकहरुको यस्तो कर्जाको अनुपात १५.६ प्रतिशत रहेको छ।

## अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग

७३. आर्थिक वर्ष २०७२/७३ को दुई महिनामा वाणिज्य बैंकहरुले रु. १४१ अर्ब ३८ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरुबीच बाहेक) ले रु. १४ अर्ब बराबरको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरूले क्रमशः रु. २० अर्ब ९७ करोड र रु. २४ अर्ब ४३ करोड बराबरको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले स्थायी तरलता सुविधाको उपयोग गरेनन् ।

## ब्याजदर

७४. २०७१ भदौको तुलनामा २०७२ भदौमा ९१-दिने ट्रेजरी विल र अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर बढेको छ। २०७१ भदौमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ०.०७ प्रतिशत रहेकोमा

२०७२ भदौमा २.२२ प्रतिशत कायम रहेको छ । त्यसैगरी, वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७१ भदौमा ०.१७ प्रतिशत रहेकोमा २०७२ भदौमा १.४५ प्रतिशत पुगेको छ । अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७१ भदौमा २.३० प्रतिशत रहेकोमा २०७२ भदौमा २.७१ प्रतिशत पुगेको छ ।

७५. २०७२ भदौमा वाणिज्य बैंकहरुको कर्जा तथा निक्षेपबीचको भारित औसत ब्याजदर अन्तर ४.६० प्रतिशत रहेको छ । अघिल्लो वर्षको भदौमा यस्तो ब्याजदर अन्तर ४.३२ प्रतिशत रहेको थियो । त्यसैगरी, वाणिज्य बैंकहरुको औसत आधार ब्याजदर २०७१ भदौको ७.९० प्रतिशतको तुलनामा २०७२ भदौमा ७.२१ प्रतिशत कायम हुन आएको छ ।

## समष्टिगत विवेकशील नियमन

७६. घरजग्गा (Real Estate) क्षेत्रमा प्रवाहित कर्जा कुल कर्जाको २५ प्रतिशतको सीमाभित्र रहनुपर्ने व्यवस्था रहेकोमा २०७२ भदौसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले यस क्षेत्रमा कुल रु. २०६ अर्ब ८५ करोड कर्जा (रु. १ करोड भन्दा कमको रु. १२० अर्ब २० करोडको आवासीय घरकर्जा सहित) प्रवाह गरेका छन् । उक्त कर्जा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको १५.१ प्रतिशत हुन आउँछ । २०७२ भदौ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले शेयरको धितोमा प्रवाह गरेको मार्जिन प्रकृतिको कर्जा कुल कर्जाको १.८ प्रतिशत (रु. २४ अर्ब २८  करोड) रहेको छ ।

७७. बैंक तथा वित्तीय संस्थाहरुले घरजग्गा क्षेत्रमा लगानी गर्दा Loan to Value अनुपात बढीमा ६० प्रतिशत कायम गर्नुपर्ने, कुनै एक क्षेत्रमा कुल कर्जा सापटको ४० प्रतिशतभन्दा बढी कर्जा प्रवाह गर्न नहुने, तरलता जोखिमलाई कम गर्न वाणिज्य बैंकहरुले कुल निक्षेपको १२ प्रतिशत र चल्ती तथा कल निक्षेप संकलन गर्ने विकास बैंक र वित्त कम्पनीहरुले क्रमशः ९ प्रतिशत र ८ प्रतिशत वैधानिक तरलता कायम गर्नुपर्ने व्यवस्था रहेको छ ।

७८. बैंक तथा वित्तीय संस्थाहरुको कर्जा-निक्षेप (स्वदेशी निक्षेप र प्राथमिक पूँजी सहित) अनुपात ८० प्रतिशत नाघ्न नहुने व्यवस्था रहेकोमा २०७२ भदौमा यस्तो अनुपात वाणिज्य बैंकहरुको ७१.९७ प्रतिशत, विकास बैंकहरुको ७०.०५ प्रतिशत तथा वित्त कम्पनीहरुको ७५.२२ प्रतिशत रहेको छ । यसबाट बैंक तथा वित्तीय संस्थाहरुले थप कर्जा प्रवाह गर्न सक्ने स्थिति रहेको देखिन्छ ।

७९. बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप संरचनामा संस्थागत निक्षेपको अंश अधिक रहँदा त्यस्तो निक्षेप फिर्ता माग्दा आउन सक्ने जोखिमलाई व्यवस्थापन गर्न वाणिज्य बैंकहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ६० प्रतिशतको सीमाभित्र राख्नुपर्ने व्यवस्था गरिएकोमा २०७२ भदौमा बैंक तथा वित्तीय संस्थाहरुमा यस्तो निक्षेपको अंश ४८.४ प्रतिशत रहेको छ ।

८०. वाणिज्य बैंकहरुले जोखिम भारित सम्पत्तिको १० प्रतिशत र विकास बैंक एवम् वित्त कम्पनीहरुले ११ प्रतिशत पूँजीकोष अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०७२ भदौ मसान्तमा यस्तो अनुपात वाणिज्य बैंकहरुको ११.९४ प्रतिशत, विकास बैंकहरुको १६.१४ प्रतिशत र वित्त कम्पनीहरुको २१.५८ प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाहरुले कायम गर्नुपर्ने न्यूनतम पूँजीकोषमा थप १ प्रतिशत वा सो भन्दा बढी Buffer कायम गरेको अवस्थामा मात्रै नगद लाभांश वितरण गर्न पाउने व्यवस्था रहेको छ ।

८१. वित्तीय स्रोत परिचालनतर्फ वाणिज्य बैंकहरुलाई निक्षेप संकलनको सीमा तोकिएको छैन भने विकास बैंक तथा वित्त कम्पनीहरुको हकमा भने आफ्नो प्राथमिक पुँजीको क्रमशः २० गुणासम्म र १५ गुणासम्म

वित्तीय स्रोत संकलन गर्नसक्ने व्यवस्था रहेको छ। यस अनुसार २०७२ भदौमा विकास बैंकहरुले प्राथमिक पूँजीको ६.८ गुणा र वित्त कम्पनीहरुले ५ गुणा निक्षेप संकलन गरेका छन्।

## धितोपत्र बजार



चार्ट ७ नेप्से परिसूचक (२०७१/७२-२०७२/७३)

८२. नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा ३० प्रतिशतले वृद्धि भई २०७२ भदौ मसान्तमा ११९६ विन्दुमा पुगेको छ । उक्त सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिमा ६६.७ प्रतिशतले वृद्धि भई २०७१ भदौ मसान्तमा ९१९.९ विन्दु कायम भएको थियो । आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाहरुको चुक्ता पूँजी वृद्धि गर्नुपर्ने व्यवस्था गरेको तथा नयाँ संविधान तर्जुमा हुने सुनिश्चिततासँगै लगानीकर्ताहरुको मनोबल बढेका कारण शेयरमा सुधार भएको हो ।

८३. धितोपत्र बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ३१.१ प्रतिशतले वृद्धि भई २०७२ भदौ मसान्तमा रु. १२३१ अर्ब ९४ करोड कायम भएको छ। आर्थिक वर्ष २०७१/७२ को कुल गार्हस्थ्य उत्पादनसँग यस्तो बजार पुँजीकरणको अनुपात ५८ प्रतिशत रहेको छ। २०७१ भदौ मसान्तमा यस्तो अनुपात ४८.४ प्रतिशत रहेको थियो।

८४. २०७२ भदौ मसान्तमा कायम रहेको बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरूको (बीमा कम्पनीहरु सहित) अंश ८१.५ प्रतिशत रहेको छ भने जलविद्युत क्षेत्रको ५.३ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको २.९ प्रतिशत, होटलहरूको २.१ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.१ प्रतिशत र अन्यको ८.२ प्रतिशत रहेको छ।

८५. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २०७२ भदौ मसान्तमा २३० रहेको छ। २०७१ भदौ मसान्तमा यस्तो संख्या २३५ रहेको थियो । केही बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभिएका कारण सूचीकृत कम्पनीहरुको संख्या घट्न गएको हो । सूचीकृत कम्पनीहरूमध्ये १९६ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, ६ वटा जलविद्युत् कम्पनी, ४/४ वटा होटल तथा व्यापारिक संस्था र २ वटा अन्य समूहका रहेका छन्।

८६. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको चुक्ता पूँजी वार्षिक विन्दुगत आधारमा २४ प्रतिशतले वृद्धि भई २०७२ भदौ मसान्तमा रु. २१२ अर्ब ४५ करोड पुगेको छ। आर्थिक वर्ष २०७२/७३ को दोश्रो महिनासम्ममा रु. १ अर्ब ६३ करोड बराबरको बोनस शेयर र रु. ६० करोड बराबरको डिबेन्चर गरी कुल रु. २ अर्ब २३ करोड बराबरको धितोपत्र सूचीकृत भएका छन्।